प्रेस विज्ञप्ति

१. भारतीय राजदूतावासस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले यही २०७८ चैत्र २६ गते काठमाडौंको नक्सालस्थित होटल मेरियटमा ७२ औं भारतीय सांस्कृतिक सम्बंध परिषद (आइसीसीआर) स्थापना दिवस मनायो । आइसीसीआरका पूर्व विद्यार्थीहरुबीच मित्रताको सम्बन्धलाई अझ बलियो बनाउने उद्देश्यका साथ हाल जारी India @75 आजादीका अमृत महोत्सवकै एक हिस्साको रुपमा सो कार्यक्रमको आयोजना गरिएको थियो ।

२. प्रख्यात राजनीतिज्ञ डा. शशांक कोइराला, प्रसिद्घ अभिनेत्री मनीषा कोइराला र नेपालका आइसीसीआरका पूर्व विशिष्ट विद्यार्थीहरुको उपस्थितिमा नियोग उप-प्रमुख श्रीमती नामग्य खम्पाले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

३. आफ्नो उद्घाटन मन्तव्यमा नियोग उप-प्रमुख श्रीमती नामग्य खम्पाले भारतमा अध्ययन गर्न छात्रवृत्ति दिलाई आइसीसीआरले भारतको लागि शुभचिन्तकहरुको ठूलो समूह सिर्जना गर्न सफल भएको बताउनुभयो । साथै आइसीसीआरले आज शुभारम्भ गरेको INDIA ALUMNI PORTAL ले भारत-नेपालबीचको मित्रतालाई अझ कसिलो बनाउँदै अघि बढ्न मद्दत गर्ने कुरामा विश्वास व्यक्त गर्नुभयो ।

४.सो अवसरमा नेपालबाट आइसीसीआरका दुई प्रतिष्ठित पूर्व छात्रहरु-काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. भोला थापा र नेपाल क्लियरिङ्ग हाउसका प्रमुख कार्यकारी अधिकृत श्री निलेश प्रधानले भारतमा अध्ययन गर्दाका आफ्ना अनुभवहरु सुनाउनु भयो । बहुचर्चित अभिनेत्री मनीषा कोइरालाले पनि कार्यक्रममा आफ्ना बाल्यकाल र भारतमा प्रारम्भिक शिक्षा लिदा बटुलेका अनुभवहरु सबैसँग साट्नुभयो । विश्वभर छरिएर रहेका आइसीसीआरका पूर्व विद्यार्थीहरुको अनुभवलाई संकलन गरी भिडियोमार्फत प्रस्तुत गरिएको थियो ।

५. कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

काठमाडौं

२०७८ चैत्र २६